म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ५४ आइतबार ६ असोज २०८१ ने. सं. ११४४ ञलागा 22 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

GRAND OPENING
PEAK ERKE
असोज १ गतेबाट हजुरहरुमाझ
Peak & Erke authorised showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोवाइल नम्बर ९८५५०७०१५६

# प्रदेशले बनाएका ऐन कार्यान्वयनमा सरोकारवालाको जोड

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ बागमती प्रदेशसभाबाट पारित भएका कानून कार्यान्यनमा सरोकारवालाले जोड दिएका छन् । जनपत्र मिडिया प्रा.लि. हेटौंडा-२ को आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा हेटौंडामा आयोजित कार्यक्रममा सहभागी सांसदले यस्तो बताएका हुन् ।

बागमती प्रदेशसभाबाट पारित भएका कानून र यसको कार्यान्वयनको अवस्थाका विषयमा समितिका सभापति, सांसद र सरोकारवाबीचमा अन्तरक्रियामा सहभागीले कानून राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयन हुनुपर्ने बताएका हुन् । धेरै मेहनतका साथ कानून जारी भएको र यसको कार्यान्वयनमा आफूहरुले जोड दिने र निगरानी गर्ने उनीहरुले बताएका छन् । प्रदेश सरकारले जारी गरेका ऐन आफ्ना अनुकूलमा ल्याएको र पछि संघीय सरकारले त्यही ऐन ल्याएकाले दुइ सरकारले बनाएका ऐन एकहदसम्म बाझिने भएकाले कार्यान्व्यनमा समस्या भएको बताएका हुन् ।

प्रदेश मामिला समितिका सभापति छिरीङदोर्जे लामाले संसदीय समितिमा विधेयक माथि पर्याप्त छलफल गर्ने गरेको बताए । उनले भने-'सार्वजनिक चासोको कुरा सर्वसाधारणले पनि सार्वजनिकरुपमा हामीसमक्ष राख्न सक्नुहुनेछ तर, नागरिकसमाज हामीले सोचेजस्तो शसक्त र जिम्मेवार देखिदैनन् । 'सरकारी तथा गैरसरकारी विधेयक पेश हुँदा यि विधेयकमाथि छलफल हुँदा सबैले आआफ्नो तवरबाट सुझाव दिन सकियो भने, हामीले उहाँहरुको सुझाव ग्रहण गर्न सक्यौ भने ऐन राम्रो बन्ने थियो, स्वार्थकै भरमा ऐन बन्ने, शंसोधन हुनेसम्मको काम हुने गरेको छ, यस्तोबेला खबर दारीको खाँचो महसुस गरेका छौं ।' मिडियाले पनि सकारात्मक शैलीमा समाचार नबनाउने गरेको उनले बताए ।

बनेको ऐन कानून सही ढंगले बने वा बनेन्, सही ढंगले कार्यान्वयनमा आए वा आएनन् त्यो पनि अनुगमन गर्नु पर्ने जरुरत र हेको बताए । संसदीय समिति ढिलो बन्यो, हामीले पनि ढिलै बुझ्यौं, अब हामी नियमावली, निर्देशिका अनुसार काम भए/नभएको अनुगमनको लागि मन्त्रालयसँग समन्वय गर्नेछौं' उनले भने । उद्योग, पर्यटन, वन तथा वातावरण समितिका सभापति श्रेष्ठले विधेयक ल्याइने ऐन, कानुन बन्ने र कार्यान्वयनमा लैजानेमा केही प्रवृत्तिगत समस्या पक्कै रहेको बताए ।

उनले भने-'संघीयदेखि प्रदेश तहसम्म यो रोग छ । विधेयकको मस्यौदा निर्माणको चरणमा पनि अन्तरमन्त्रालय, अन्तर समूह संगठनमा समन्वय छैन । कानून निर्माताबीचमै मतैक्यता छैन । सरकारमा को छ, उसको आस्था र स्वार्थ के हो ? भन्नेमा आधारीत भएर विधेयक आउँछ, ऐन संशोधन गरिन्छ । त्यै संशोधन पनि सर्वसम्मत होइन बहुमतले पारित हुन्छ अनि कसरी आश्यकता अनुसारको कानुन आउँछ, स्वार्थको लागि त हो ।'

देश, परिवेश अनुसार को यहाँको आवश्यकतालाई अध्ययन गरेर विधेयक बन्दैन, ऐन संशोधन हुँदैन, यो पीडादायी पाटो नस्वीकारी नहुने बताए । उनले भने-'सामाजिक परिवेश र आवस्था हेरेर भन्दा पनि कोही न कोहीबाट प्रभावित भएर कानून बनाइन्छ, अनि कार्यान्वयन पाटो फितलो हुन्छ । २० वर्षअघि विवाह गैरकानूनी भन्ने कानून कार्यान्वयन कमजोर हुनुको कारण यही हो ।'



बागमती प्रदेशका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले हाम्रो अभ्यास रमाइलो पनि छ, कानूनबिना पनि त मन्त्रालय चलेकै छन्, काम भएकै बताए । उनले भने-'कतिपय अवस्थामा संघीय कानुनको भरमा पनि प्रदेश मन्त्रालय चलेका छन् । बागमतीले श्रम यातायात मन्त्रालय, खानेपानी सरसफाइ मन्त्रालय यस्तो उदाहरण हुन् । हाम्रो जिम्मेवारी भनेको बनेका कानूनको सफल कार्यान्वन गराउने हो, यसको अनुगमन पर्ने, सहजिकरण गर्ने, प्रचारप्रसार गर्ने पनि हो ।'

कानूनको प्रभावकारी कार्यान्वयन नहुनुमा सरकारको स्थायित्व नहुनु पनि समस्या रहेको छ । सरकार स्थिर नभए पनि कानूनको प्रयोग, कार्यान्वयको लागि आवश्यक बजेट सबैतिर समस्या हुने श्रेष्ठले बताए । सरकार बनाउन, परिवर्तन गर्न, टिकाउनमै रुमलिएपछि कानूनको कुराहरु ओझेलमै परे, बागमती सरकारले अब यो काम गर्नुपर्ने बताए । प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले सरकार सञ्चालन गर्ने दलले आफ्नो आवश्यकता, आफ्नो स्वार्थ हेरेर त्यो अनुसार ऐन बनाउने गरेको बताए ।

पुलामीले भने-'कानून संशोधन गर्दा, आफ्नो काम देखाउन पनि सरकारको स्वार्थ स्पष्ट देखिन्छ । संशोधनको क्रममा छलफल हुन्छ, सुझाव दिने, लिने काम पनि हुन्छ तर, पारित गर्ने बेलामा सर्वसम्मत हुन सक्दैन, बहुमतको आधारमा हुन्छ । सांसदहरुले आफूले बुझेको सुझाव दिने, नबुझेको अवस्थामा विभिन्न स्रोतबाट बुझेर सिकेर पनि सुझाव दिने गर्नुपर्छ, म पनि त्यसै गर्छु ।'

कार्यक्रममा प्रदेशसभाका सदस्य भारती पाठकले कानून प्रभावकारी बनेको, बुझाइ बाझिएर यस्तो भएको बताइन् । उनले भनिन्-'विधेयकको मस्यौदादेखि नै स्वार्थ बाझिन्छ, अनि कानून संशोधनको क्रममा पनि त्यै हुन्छ । जनताको हितको लागि, तल्लो तहको आवश्यकतामा आधारित भएर विधेयक ल्याउने, कानून संशोधन गर्ने, यसको लागि सरोकारवाला अन्तरमन्त्रालय, समुदाय, बुद्धिजीवी बर्गसँग पर्याप्त छलफल नै हुदैन, यो हामीले स्वीकार गर्नैपर्छ । नभएका काम हामीले गऱ्यौं भनेर भन्न सक्दैनौं । विभिन्न समुदायसँग मात्रै होइन, संघ, प्रदेश र स्थानीय ३ तहको सरकारबीचमा समन्वय, सहकार्य र सुझाव लिनेदिने संस्कार आवश्यक छ तर, हामीकहाँ यस्तो छैन ।'

प्रदेशसभाका सदस्य प्रभात तामाङले संविधानलाई आधार मानेर, अन्तराष्ट्रिय सन्धिहरुमा टेकेर कानून बनाइनो बताए । उनले भने-'कार्यान्वयन पाटो फितलो हुनुमा हामी सांसद पनि जिम्मेवार छौं । संघ र प्रदेशको कानून आपसमा बाझिएको हदमा प्रदेशको निष्कृय हुने कानूनी प्रावधान त छँदै छ, फेरि किन बाझिने गरी कानून बनाउनु ? सर्वसाधारण पनि स्थानीय आवश्यकताबारे गैरसरकारी विधेयक ल्याउनको लागि संसदमा माग गर्न सक्ने प्रावधान छ । बनेका कानून अध्ययन र खबरदारी गर्ने बानीको विकास नागरिक समाजले पनि गर्नुपर्छ ।'

प्रदेशका नीति तथा योजना आयोगका उपसचिव अच्युतप्रसाद लामिछाने, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका निवर्तमान अध्यक्ष प्रताप विष्ट, जिल्ला बार एशोसिएशन मकवानपुरका अध्यक्ष अप्सरा बस्नेत, अधिवक्ता मदन दाहाल, केशवप्रसाद गौतम, गैरसर कारी संस्था महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटा, डिभिजन वन कार्यालय मकवानपुरका अधिकृत मेमकुमार पाठक, अपाङ्ग सरोकार केन्द्र मकवानपुरका अध्यक्षा गणेशचन्द्र दवाडी, डिभिजन वन कार्यालय मकवानपुरका अधिकृत बसन्तराज गौतम, रातोपाटीका बागमती प्रदेश व्युरोप्रमुख गणेश दुलाललगायतले प्रदेशसभाबाट बनेका कानून, तीनको कार्यान्वयन र सरकारका कामका विषयमा आफ्ना सुझाव राखेका थिए ।

# हेटौंडामा विश्व अल्जाइमर सचेतना दिवस मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ 'विश्वभरका ज्येष्ठनागरिकको हेर चाह र सहयोगको सुदृढीकरण' भन्ने नाराकासाथ विश्व अल्जाइमर दिवस २०८१ को विश्वव्यापीरुपमा मनाइएको छ ।

डिमेन्सियामा काम गर्नु नै अल्जाइमर विरुद्धको कार्य हो । यही दिवसका दिन ज्येष्ठनागरिक जिल्ला संघ मकवानपुरले पत्रकार सम्मेलन गर्दै अल्जाइमर रोगसम्बन्धी सचेतनाका लागि सबैमा आग्रह गरेको छ । संघका जिल्ला अध्यक्ष, हरि प्रसाद सिग्देल, समितिका पदाधिकारी तथा सदस्यले पत्रकार सम्मेलनमा बृद्धावस्थामा मानसिक स्वास्थ्यमा सूक्ष्मरुपले बिस्तारै विभिन्न कमजोरीहरु देखिने र क्रमश: पूरै विस्मृतिमा पुऱ्याउने एक विश्वव्यापी रोग रहेको बताएका छन् ।

अंग्रेजीमा डिमेन्सिया भनिने, बिर्सिने रोगभित्र पर्ने एउटा फरक विशेषताको रोगको रुपमा यसलाई लिने गरिएको छ । बीटा एमालाइड नामक असामान्य, अघुलनशील प्रोटिन मस्तिष्कमा जम्मा भएर मस्तिष्कका तन्तु र कोशिकाहरु नष्ट हुनाले उत्पन्न हुने रोग हो । न्यूरो फ्राइबिलरी नामक रेसादार झुप्पा जेलिएर मस्तिष्को कार्यमा अवरोध हुनाले उत्पन्न हुने रोग हो । बढ्दो उमेरसँगै मानिसको सोच्ने, सम्झिने, निर्णय लिने तथा सिक्ने क्षमतामा बिस्तारै कमी देखिँदै पूरै कुरा बिर्सिने, केही नचिन्ने, कोही नचिन्ने र केही गर्नै नसक्ने अवस्थामा पुऱ्याएर मृत्यु गराउने रोग डिमेन्सियाकै विकसित रुप अल्जाइमरलाई लिइन्छ ।

व्यक्तित्वमा अस्वाभाविक परिवर्तन, भाषा प्रयोगमा गढबढी र दिग्भ्रम गराउने रोग हो र वंशानुगतरुपमा माथिल्लो पुस्ताको असामान्य जीनको आकस्मिक प्रसारणका कारण उत्पन्न हुने मानिएको र हालसम्म कुनै औषधि पत्ता नलागेको गम्भीर किसिमको रोगका रुपमा लिइने अध्यक्ष सिग्देलले जानकारी दिए । आजभन्दा करिब ११८ वर्षअघि जर्मन नागरिक एलोइस अल्जाइमू भन्ने न्यूरो प्याथोलोजिस्टले सन: १९०६ मा आफ्ना लेखमार्फत आफूले पत्ता लगाएका बिर्सिने रोगबारेमा जानकारी गराएकाले सन: १९१० जुलाइ १५ मा उनै व्यक्तिको नामबाट अल्जाइमर रोगको नामाकरण भएको रोग हो ।

सन १९९४ मा स्कटल्याण्डको एडिनबरा सहरबाट अल्जाइमर्स डिजिज इन्टरनेशनलू नामक संस्थाले २१ सेप्टेम्बरका दिन अल्जाइमर दिवस मनाउन सुरुवात गरेको छ । नेपालमा सन २००८ बाट तत्कालीन राष्ट्रिय ज्येष्ठनागरिक संस्था, सञ्जाल, राष्ट्रिय ज्येष्ठनागरिक महासंघ र नेपाल सरकारले संयुक्त रुपमा यो दिवस मनाउँदै आएको छ । अधिकांश जेष्ठनागरिकमा देखिने यो रोगबाट सतर्क रहन बिज्ञहरुले सुझाएका छन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौडा-१. चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५१२७०५७

HetaudaCityCollege.edu.np
ADMISSION OPEN

" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बागमतीमा उद्यमीलाई स्वागत

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले बागमती प्रदेशमा औद्योगिक प्रतिष्ठान स्थापना गर्न लगानीकर्ता खोज्दै बीरगंज पुगे । हेटौंडाको माटो, हावापानी, सडक पूर्वाधार, विद्युत आदि सबै कुराले औद्योगिक प्रतिष्ठानमैत्री छ । तर, एउटै कुराको समस्या छ । त्यो हो सरकारको स्थायित्व । लगानीमैत्री वातावरण बाहेक सबै कुराले हेटौंडा उपयुक्त छ । पर्साका उद्योगी व्यवसायीलाई बागमती प्रदेशमा उद्योग तथा कारखाना विस्तार गर्न आग्रह गरेर मन्त्री काफ्ले फर्किएका छन् । बागमती प्रदेशको राजधानी हेटौंडा र आसपासका क्षेत्रमा औद्योगिक प्रतिष्ठान स्थापना गर्दा धेरै कुराले सहज हुने उनले बताएका छन् । वीरगञ्ज उद्योग वाणिज्य संघद्वारा आयोजित भेटघाट तथा छलफलमा मन्त्री काफ्लेले बागमती प्रदेशमा लगानीमैत्री वातावरण बनाउन प्रदेश सरकार तयार रहेको बताए । मुलुककै सबैभन्दा ठूलो हेटौंडा औद्योगिक क्षेत्र र प्रस्ताबित मयुरधाप औद्योगिक क्षेत्रमा लगानी गर्न मन्त्री काफ्लेको आब्हानलाई संघका पदाधिकारीले सकारात्मक रुपमा लिएका छन् ।

'बागमती प्रदेशमा लगानी गर्न के कस्ता पूर्वाधार आवश्यक पर्छन् । त्यसका लागि गर्नुपर्ने सबैखालको सहजीकरण गर्न प्रदेश सरकार तयार छ', मन्त्री काफ्लेले लगानीकर्तालाई आश्वस्त गर्ने प्रयास गरेका छन् । 'बागमती प्रदेश सरकार उद्योग र कलकारखाना स्थापनाका लागि कानुनी र अन्य प्राविधिकरुपमा पनि सहजीकरण गरेर औद्योगिक लगानीको वातावरण बनाउन कटिबद्ध छ' काठमाडौंको बालाजु, पाटन औद्योगिक क्षेत्रमा भन्दा हेटौंडाको मयुरधाप औद्योगिक क्षेत्रमा औद्योगिक प्रतिष्ठान स्थापना गर्न उपयुक्त हुने मन्त्री काफ्लेले बताएका छन् । बागमती प्रदेश लगानीको प्रचुर सम्भावना बोकेको क्षेत्र भएकाले पनि सबै खालका सहयोग गर्न प्रदेश सरकार तयार रहेको प्रतिबद्धता व्यक्त गरिए पनि लगानीकर्ता ढुक्क हुने अवस्था भने छैन । पर्साका उद्योगी व्यवसायीले भोग्नुपरेका समस्या र जटिलताबीच बागमती प्रदेश सरकारले हेटौंडामा उपयुक्त वातावरण तयार गर्न खोजेको हो । मधेश प्रदेशको अर्थनीतिमा बागमती प्रदेशको तर्फबाट गर्न सक्ने सहजीकरण र समन्वय गर्न पनि बागमती प्रदेश सरकार तयार छ । चुरेको खहरे उकासको करिब २ सय बिघा जमिनमा स्थापना हुन लागेको मयुरधाप औद्योगिक क्षेत्रमा ६५ वटा उद्योग स्थापना गर्ने सरकारको तयारी छ । पूर्वमा मयुरधापको बस्ती, पश्चिममा कालापानी, उत्तरमा हेटौंडा-१६ र दक्षिणमा उत्तरपानी पर्ने चारकिल्लाभित्र रहेको चुरेक्षेत्रको उकास जमिनमा औद्योगक क्षेत्र स्थापना गर्न मन्त्रिपरिषद्ले निर्णय गरेको थियो । २०७२ चैत १ गतेको मन्त्रिपरिषद् बैठकले मयुरधापमा नयाँ औद्योगिक क्षेत्र बनाउने गर्ने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्कै निर्णयले २०७३ साउन ६ गते औद्योगिक क्षेत्र स्थापना गर्ने जग्गाको लालपूर्जा मयुरधाप औद्योगिक क्षेत्रको नाममा नामसारी गरिएको थियो । औद्योगिक क्षेत्र तयार गर्नका लागि करिब साढे सात अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । चारदेखि १४ रोपनीसम्मका गरी ६३ वटा प्लटमा विभाजित गरिएको छ । अहिले मुलुकमा देखिएको आर्थिक समस्यालाई सबैले एकजुट भएर समाधानको बाटोतर्फ अघि बढ्नुपर्ने, वीरगञ्ज भन्सार कार्यालयमा कम राजस्व संकलन हुँदा त्यसको असर बागमती प्रदेशमा पनि पर्ने गरेको, वीरगञ्ज आसपासको औद्योगिक क्षेत्रमा परेको समस्या समाधान गर्न आफ्नो ठाउँबाट पहलकदमी गर्ने बाचा गरेका मन्त्री काफ्लेलाई वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवालले मुलुकमा देखिएको अर्थतन्त्रको समस्या समाधान गर्न सरकार र निजीक्षेत्र हातेमालो गरेर अघि बढ्नुपर्ने बताएका थिए । अहिले मुलुकमा देखिएको आर्थिक मन्दीको कारणले जताततै निराशा छाइरहेको छ । सरकार र निजीक्षेत्र हातेमालो गरेर अघि बढेको खण्डमा मात्रै अहिलेको समस्या अन्त्य गर्न सकिन्छ । सरकारले राजस्वको दर मात्रै नभएर दायरा बढाउनेतर्फ अग्रसर हुनुपर्ने, सरकारले राजस्वको दर मात्रै उठाएर राजस्व बढ्दैन, राजस्वको दर घटाएर दायरा बढाउनेतर्फ अग्रसर हुन जरुरी रहेको बीरगंजका उद्यमीले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज ७ गते सोमबार २३ सेप्टेम्बर २०२४ । षष्ठी, आश्विन कृष्णपक्ष । ञलागा ११४४ ने.सं. । सूर्योदय ५:५३, सूर्यास्त ५:५७ । अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | **तुला** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **वृष** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | **वृश्चिक** | : पठन-पाठनमा प्रगति हुनेछ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : सभा-समारोहमा अवसर मिल्नेछ |
| **कर्कट** | : व्यापार लाभप्रद रहनेछ | **मकर** | : आत्मविश्वासमा कमी आउनेछ |
| **सिंह** | : सन्तानको चिन्ता बढ्नेछ | **कुम्भ** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कन्या** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मीन** | : समाजमा सराहना हुनेछ |

# छोरी जन्मनै नदिने समाज



✍ मिरा मिश्र

तीज भर्खरै सकिएको छ । तीजसँग जोडिएका प्रतिक्रियाहरू अझै सेलाउन पाएका छैनन् । उदाहरणको लागि एक जनाको भनाइ थियो, 'अहिलेको तीजको चहलपहलले त महिलाले आधा आकाश मात्र होइन, पूरै आकाश नै ढाक्न लागिसके जस्तो देखिन्छ । जता हेर्‍यो, उतै महिला । स्कुल, कलेज, कार्यालय, संघ-संस्था, पार्टी प्यालेस र होटलसम्म उनीहरूकै जमात छ, चहलपहल छ । पुरुषहरू त कता हराए कता !'

पुरुषहरू होइन, नेपालमा महिलाहरू हराउँदै छन् । अर्थात्, महिलाहरूको जन्मिने सम्भावना पुरुषहरूको भन्दा क्रमश: कम हुँदै गइरहेको छ । गएका दुई राष्ट्रिय जनगणनाहरू (२०६८ र २०७८) ले पनि यही कुरा संकेत गर्दछ । जनगणना भएको वर्ष २०७८ सालमा ११२ बालक जन्मिंदा जम्मा १०० मात्र बालिका जन्मिएका थिए । यो बच्चा जन्मिने वैज्ञानिक नियम विपरीत हो । किनकि जन्मिंदाखेरि अलि बढी छोरा जन्मिने तर छोरीको रोगसँग लड्न सक्ने क्षमता छोराभन्दा बढी हुने भएकोले जन्मेका छोरीहरूको बाँच्ने सम्भावना छोराको भन्दा बढी हुन्छ । यसरी पछि गएर लैंगिक अनुपात बराबर हुन्छ । तर यदि छोराको अनुपातमा छोरीहरू एकदम कम जन्मिरहेका छन् भने ती नजन्मिएका छोरीहरू कहीं गर्भबाट नै हराइरहेका त छैनन् भन्ने प्रश्न गर्नु वा यसमा चासो राख्नु मानवीय र लैंगिक दृष्टिकोणले पनि महत्वपूर्ण छ । यो चासो आजको र हाम्रो मात्रै होइन । यसको सापेक्षिक रूपमा लामो विश्व इतिहास छ ।

महिलाहरू हराएको बारे सन् १९९० तिर नै अमर्त्य सेनले 'एसियाज मिसिङ मिलियन्स: हाउ पोलिसी एण्ड सोसियल प्रेसर मेड मिलियन्स अफ वुमन डिस्एप्पियर' नामक लेख प्रकाशित गरेर एसियामा, खासगरी चाइना र इन्डियाबाट छोरीहरू हराउने क्रम बढ्दो छ भनी 'फिमेल फेटीसाइट' को कुरा अगाडि ल्याएका थिए । गर्भमै लिंग पहिचान गरी छोरी भए गर्भपतन गराउने व्यापक चलनको विषयलाई लिएर उनले यो लेख प्रकाशित गरेका थिए । सेनको यो लेखपछि 'फिमेल फेटीसाइट' को बहसको सुरुवात भएको देखिन्छ ।

त्यसपछि यो विषयको खोजी व्यापक हुनथाल्यो । यसको एक उदाहरण गिता अर्भामुडानको खोजमूलक किताब 'डिस्एपियरिङ डटर्स: द ट्राजेडी अफ फिमेल फेटीसाइड, २००७' हो । यो किताब सन् १९८० पछि इन्डियामा कसरी अल्ट्रासाउन्डको मद्दतले गर्भमै छोरीको पहिचान गरी भ्रूण हत्या गरिन लाग्यो भन्नेमा केन्द्रित छ । यो प्रविधिको विकास अगाडि पनि खासगरी इन्डियाका केही सीमित राज्यहरू जस्तो हरियाणा र पञ्जाबमा छोरी जन्मियो भने या त परिवारले नै या सुँडेनीको माध्यमबाट उक्त बच्चालाई मार्ने गरेको तथ्य पनि यो लेखमा समावेश छ ।

लिंगको आधारमा जन्मिएको बच्चाले मर्न पर्ने हो कि बाँच्न पाउने हो भन्ने कुरा घर, परिवार र समाजले कसरी निर्धारण गर्थ्यो भन्ने बारेमा हालै बीबीसीमा निस्किएको एक खोजमूलक लेखमा विहार, इन्डियाको एक गाउँको कथाले बताउँछ । उक्त लेख विभिन्न सुँडेनीहरू, जसको मूल काम बच्चा जन्माउन महिलालाई सहजीकरण गर्ने हो, उनीहरूले कसरी जन्मिने बित्तिकै छोरीहरूलाई मार्थे भन्ने अनुभवमा आधारित छ । उनीहरूको भनाइमा छोरी जन्मियो भने परिवारले नै उनीहरूलाई उक्त बच्चा मार्न लगाउँथे ।

बच्चालाई या त विष दिएर वा घाँटी निमोठेर मारिन्थ्यो । बच्चा मारेबापत या त लुगा, अन्न वा केही रकम उनीहरूको हातमा पर्थ्यो । यदि मार्न आनाकानी गर्‍यो भने पनि बलजफ्ती उनीहरूबाट यो काम गराइन्थ्यो । कजना सुँडेनीको भनाइ अनुसार उनले करिब १२/१३ छोरीको हत्या गरेकी थिइन् । त्यो गाउँमा छोरीको हत्या कुनै नौलो कुरा थिएन । सबै सुँडेनीहरूले यसै गर्थे । छोरा नभई नहुने र छोरी भयो भने दहेज दिनुपर्ने भएकोले पनि छोराको आशमा बच्चा जन्माइरहने र यदि छोरी जन्मिएमा छोरीलाई मार्न लगाउने चलनको बारेमा लेख केन्द्रित छ ।

समय परिवर्तन भएको छ । आजकाल त जन्मिएका छोरीहरूलाई मार्न सुँडेनीहरूको खोजी हुँदैन । जन्मनु अगाडि नै अल्ट्रासाउन्ड गरेर लिंग पहिचान गरी छोरीको हत्या गरिन्छ । गर्भ पहिचान गरी छोरी भए गर्भपतन गराउन लगाउने परिवार, आफैं गर्भ पतन गर्न अगाडि सर्ने महिला र त्यसलाई सहजीकरण गरिदिने प्रविधि, चिकित्सक, फितलो कानुन, साथै जिम्मेवार राजनीतिकर्मी, सबैको मिलेमतोमा मात्र यसप्रकारको अमानवीय र आपराधिक कार्य सम्भव हुन्छ । मान्छे मार्नु अपराध हो । झन् छानी-छानी कसलाई बाँच्न दिने, कसलाई गर्भमै मार्ने भनी नियतवश गर्भपतन गर्नु, गराउनु झन् ठूलो अपराध हो । गाउँले र नपढेकाले मात्रै यस्तो काम गर्छन् भन्ने हो भने इन्डियाको पढे-लेखेका शहरी परिवारमा यो समस्या झन् चर्को भएको कुरा गीता अर्भामुडानले आफ्नो किताबमा उल्लेख गरेकी छिन् ।

त्यसरी नै आमाले त आफैं अग्रसर भएर गर्भपतन गराउँदैनन् भन्ने हो भने पनि कैयौं महिला आफैं यस्ता हत्यामा सामेल भएका तथ्यहरू छन् । किन र कस्ता महिलाहरू आफ्नै गर्भको बच्चालाई मार्न तयार हुन्छन् (छोराको चाहनामा, घरपरिवारलाई खुसी बनाउन वा विवाह गरेको घरमा आफ्नो स्थिति बलियो बनाउन) भन्ने प्रश्न आफैंमा महत्वपूर्ण छ । महिलावादी आन्दोलनमा महिलाको कर्तामय भूमिकाको महत्वको बारेमा अमर्त्य सेनले आफ्नो किताब आर्गुमेन्टेटिभ इन्डियन्स, २००५ मा वर्णन गरेका छन् । तर कैयौं नारीवादी लेखकहरूले महिलाको कर्तामय भूमिका सधैं पितृसत्तालाई चुनौती दिने खालको मात्रै हुँदैन ।

बरु कतिपय अवस्थामा यही संरचनालाई नै सघाउने खालको पनि हुन्छ भनी गर्भ पहिचान गरी छोरी भए गर्भपतन गराउने महिलाहरूको नकारात्मक कर्तामय भूमिकाको बारेमा उल्लेख गरेका थिए । किन सबैलाई छोरा नै चाहिएको छ त ? पहिलाको जस्तो धेरै बच्चा अबको जमानाको न चरीत्र हो न रहर नै । किनकि कृषिप्रधान समाजमा धेरै बच्चा पाउनु रहर होइन, आवश्यकता हुन्छ । खेती किसानीको लागि उनीहरूको श्रम । तर जग्गा जमिनहरू क्रमश: बाँझो हुँदै गइरहेका अहिलेको समाजमा खेती-किसानीको लागि धेरै बच्चा पाउनुपर्दैन । बच्चा जन्मिन नै कम हुँदै गएको पनि ४०/४५ वर्ष हुन लागिसक्यो । ४० वर्ष अगाडि एउटी महिलाले सरदर ५ बच्चा जन्माउँथिन् भने अहिले आएर त्यो संख्या दुईवटा र शहरमा त एउटा बच्चामा सीमित हुन थालिसक्यो । यसको एक प्रमुख कारण बच्चा हुर्काउन जति पैसा भए पनि नपुग्ने हुँदैछ, दिनानुदिन । स्कुलको फी लगायत अन्य खर्चले निम्न र मध्यम वर्गका परिवारलाई नराम्रोसँग गाँजेको छ । तैपनि बच्चामाथि खर्च गर्न बाबुआमा करले होइन, रहरले नै तयार छन् । आफूले पूरा गर्न नसकेको सपना छोराछोरीबाट पूरा हुन्छ कि भन्ने आशले । उदाहरणको लागि ज्याला मजदूरी गर्ने बाबुआमालाई बोर्डिङमा पढायो भने त मेरो सन्तान डाक्टर, इन्जिनियर बन्न सक्छन् कि भन्ने आश छ ।

लोकतन्त्रले सबैलाई ठूलो सपना देख्ने बनाइदिएको छ । त्यसैले धेरै बच्चा पाउने त कुरै भएन । थोरै पाउने तर एउटा छोरा त नभई हुँदैन । यो आम बुझाइ हो । छोरा नजन्माउने वा जन्माउन नसक्ने महिला पूर्ण महिलामा गनिंदैनन् भने छोरा नभएको परिवारलाई पनि पूर्ण मानिंदैन । छोरी बारेको सामाजिक बुझाइ र भनाइ मेरो आफ्नै जीवनमा पनि प्रतिबिम्बित हुन्छ । चाहे त्यो नातेदारहरूको समूह होस् वा छरछिमेकी, कार्यालयका साथीहरू हुन् वा अनुसन्धानका क्रममा विभिन्न गाउँमा भेटिएका महिला दिदीबहिनी हुन्, मेरो विषयमा प्राय:को जिज्ञासा, अझ भनुँ चिन्ता भनेको, 'एउटै सन्तान, त्यसमाथि पनि छोरी !' मेरो एउटै छोरी छ । पुरानै जमानाको भए पनि छोरी मात्रैले पुग्दैन, एउटा छोरा त हुनैपर्छ भन्ने सोचाइ कहिल्यै पनि आएन । नआउनु अचम्म पनि हो किनकि हामीले बाँचेको समाजमा जताततै छोराको चर्चा सुनिन्थ्यो । दुइटा वा तीन सन्तान, त्यसमा पनि एउटा छोरा अनिवार्य । छोरा भएन भने छोरीहरू जति नै भए पनि परिवार पूर्ण भएको अनुभूति न बाबुआमालाई नै हुने, न समाजलाई नै ।

त्यसैले हामीलाई एउटै बच्चाले पुग्यो, त्यसमा पनि एउटै छोरी भन्ने कुरा समाजलाई पत्याउनै गाह्रो । छोरा नभएपछि भन्ने कुरा नै यही हो भन्ने सामाजिक बुझाइ । विचराहरू के गरुन्, भन्नेसम्मका मायाले युक्त भनाइ । छोरीको मात्र आमा भएकोले मलाई 'विचरी' भन्नेको संख्यामा कमि थिएन । एउटा उदाहरण यहाँ राख्न चाहन्छु । म अनुसन्धानको सिलसिलामा एउटा गाउँमा गएकी थिएँ । क्याम्पसमा पढाउने, कमाउने, साथै घरधन्दालाई अरूको जिम्मा लगाएर आफ्नो रोजेको काममा लाग्न सक्ने क्षमता भएकी महिला भएकोले अरू महिलाहरूलाई म उनीहरूको पहुँच भन्दा माथिको लाग्थ्यो । न पढेका छन्, न सम्पत्ति नै आफ्नो नाममा छ, न कमाउने दरिलो आधार छ । घरधन्दा र बस्तुभाउले जीवन ढपक्कै ढाकेको छ, एकछिन पनि फुर्सद छैन, त्यस्ता महिलाहरूसँग कुराकानी गर्नुपर्ने । मेरो आर्थिक र सामाजिक हैसियतले गर्दाखेरी उनीहरू आफूलाई 'विचरा' मान्न बाध्य थिए । त्यसैले एउटा महिलावादी अनुसन्धानकर्ताको हिसाबले मैले जतिसुकै उनीहरू जस्तै बन्ने र उनीहरूले भोगेका कुरालाई सही रूपमा बाहिर ल्याउने प्रयास गरे पनि उनीहरू जस्तै बन्न सकिरहेको थिइनँ ।

जोडी मिलर र वेरी ग्यासरले आफ्नो लेख "द 'इन्साइड' एण्ड द 'आउटसाइड': फाइन्डिङ रियालिटिज् इन इन्टरभ्यूज, २०१२" भने जस्तै मलाई पनि इन्साइडर र आउटसाइडरको दूरी मेटाउन गाह्रो थियो । कुराकानीको क्रममा कति जना बच्चा भन्ने कुरा निस्कियो । जब मेरो एउटै सन्तान, त्यसमाथि पनि 'छोरी' भन्ने थाहा पाए, उनीहरूको मप्रतिको दृष्टिकोण नै बदलियो । अकस्मात् म 'विचरी' बन्न पुगें । उनीहरू मप्रति दयाभाव देखाउन थाले ।

एकजनाको भनाइ सान्दर्भिक छ, 'मनमा पीडा त कति होला, सासूको बुहार्तन कति खप्न पर्‍यो होला, श्रीमान्ले अर्की बिहे गरेर ल्याउने डर त मनबाट किन जान्थ्यो, के गर्नु दैवले ठगेपछि, जतिसुकै धन सम्पत्ति भए पनि सन्तान नै नभएपछि, भनौं न छोरा नभएपछि के गर्नु, पीडा त कति होला मनमा, हामी जस्तो जसलाई पनि भन्दै हिंड्ने होइन !' अर्कीले मतर्फ हेर्दै थपिन्, 'आफू त पैसा र पढाइ नभए तापनि तीन तीन जना छोराकी आमा हुँ, त्योभन्दा ठूलो धनसम्पत्ति के चाहियो, दैवले कति ठगेको यो दिदीलाई, एउटै मात्र सन्तान भए पनि छोरा भए त शिर त अलि ठाडो हुन्थ्यो, के गर्नु !'

सारमा उनीहरूको विचारमा म उनीहरू भन्दा पनि दु:खी र विचरी भएकीले मसँग लुकाउनुपर्ने कुरा नै बाँकी रहेन । यसले मलाई उनीहरूको जीवनको बारेको सही सूचना बटुल्न धेरै मद्दत गर्‍यो । साथै छोराको महत्व, जुन पुरुषमुखी समाजको एक बलियो चरित्र हो, यसको जरा कति गहिरो छ भनी आफ्नै जीवनमा अनुभव गर्ने थप मौका पनि दियो । त्यसैले पितृसत्ताको जरा कमजोर नहुन्जेलसम्म छोरीको गर्भमै हत्या हुन रोकिंदैन । आर्थिक, सामाजिक परिस्थितिको कारण एउटै मात्र बच्चा पाउनुपर्ने अवस्थामा त छोरी जन्मिने सम्भावना झन् कम हुन्छ वा छोरी नै जन्मिंदैनन् । लोकतन्त्रमा छानीछानी मान्छे मार्ने छुट कसैलाई पनि छैन वा हुनुहुँदैन । छोरीको गर्भमा नै हत्या गर्नु विभेदको पराकाष्ठा हो । गर्भमा बच्चा मार्ने वा मार्न बाध्य बनाउने समाजले न महिलालाई बरबरको हैसियत भएका व्यक्तिको रूपमा आत्मसात् गर्न सक्छ । न त जनजातिलाई नै आफ्नो बरबरीमा राख्न सक्छ । दलितको त कुरै छोडौं ।

### अबको बाटो

पहिलो र महत्वपूर्ण कुरा त राजनीतिक दलहरूको प्रतिबद्धता र प्रयास हुनुपर्‍यो लिङ्ग पहिचान गरी गर्भपतन गर्न-गराउन रोक्न । त्यसको लागि दलका नेता-कार्यकर्ताहरूको आफ्नै सोचाइमा परिवर्तन हुन पर्‍यो किनकि उनीहरू पनि यही समाजकै एक भाग हुन् । छोरा उनीहरूलाई पनि चाहिएकै छ भने नियम-कानुन एकातिर, व्यवहार अर्कोतिर हुन जान्छ । प्रयासको थालनी सबैतिरबाट र खासगरी वडास्तरमै हुनु जरूरी छ । स्थानीय तहको राजनीति र स्वयंसेविकाहरूको जनचेतना जगाउने काममा ठूलो भूमिका रहेको कुरा अरू ठाउँको अनुसन्धानले पनि बताउँछ । स्कुल, कलेज लैंगिक चेतना जगाउने एक प्रमुख थलो हो । हुर्कंदै बढ्दै गरेका केटाकेटीहरू बीचमा छोरीको गर्भमा नै हत्या गर्ने बढ्दो चलनको बारेमा छलफल चलाउन सकियो भने पनि यो लैंगिक विभेद हो र यसलाई रोक्न जरूरी छ भन्ने मानसिकताको विकास सुरुदेखि नै उनीहरूमा हुन जान्छ । महिलाको शिक्षा र रोजगारीको महत्व पनि कम छैन, यसको रोकथामको लागि । महिला शिक्षित हुँदा जन्मेको छोरीको बाँच्ने सम्भावना बढी भएको तथ्य अमर्त्य सेनले भारतको एक राज्य केरलाको उदाहरण दिएर आफ्नो किताबमा लेखेका छन् ।

तर शिक्षित महिलाहरूले झन् कानुन छलेर गर्भपतन गराएको उदाहरणहरू दिंदै गीता अर्भामुडानले आफ्नो किताबमा भरपर्दो कमाउने आधार वा रोजगारी सुनिश्चित भएका महिलाहरूले लिंगको आधारमा गर्भपतन गराएको एकदमै कम देखिएको तर्क अगाडि सारेकी छिन् । त्यसैले महिला शिक्षा र भरपर्दो रोजगारी यो समस्यालाई कम गर्न सहायक हुने देखिन्छ । महिलावादीहरूको भूमिका बारे कुरा गर्दा गर्भमै छोरीको हत्याको बढ्दो चलन बारे महिलावादीहरूबीच गहन र निरन्तर बहस र रोकथामको लागि साझा वकालतको खाँचो छ । किनकि यो एकथरीको मात्रै समस्या होइन । यहाँ मूलधारे र सीमान्तकृत बीचको कित्ता पनि छैन । उच्च जातमा मात्रै छोराको चाहनाले छोरीको गर्भमै हत्या हुन्छ भनूँ भने दलित र जनजातिमा पनि यो प्रवृत्ति देखिन्छ ।

त्यसरी नै धनी, गरिब, तराई, पहाड सबै क्षेत्रमा यो व्याप्त बन्दैछ । त्यसैले यो आम महिलावादी सवाल हो, कुनै विशिष्ट जात, वर्ग वा समुदायको समस्या होइन । जसको सवाल, उसकै पहल भनेर पन्छिन मिल्ने । जब महिलावादी सवाल आम हुन्छ, सबैको जीवनलाई छुने खालको हुन्छ, त्यो बेलामा सबै किसिमका महिलावादीहरू एकै ठाउँमा उभिनुको विकल्प छैन । किनकि जन्मिएका महिलाहरूको जीवन सहज बनाउन र लैंगिक समतामूलक समाजको निर्माणमा जीवन नै खर्चेका र खर्चिन चाहनेको लागि महिलालाई जन्मिनबाट नै रोक्ने अर्थात् गर्भ पहिचान गरी छोरी भए गर्भपतन गराउने वा गर्ने कुरा सामान्य हुँदै होइन वा हुनुहुँदैन ।

यो विषयमा मौन बस्नु वा मौका हेरेर बोलुँला भन्नु वा मैले वा हामीले त ठूलाठूला महिलावादी एजेन्डामा काम गर्नुछ वा गरिरहेका छौं, जे कुरामा पनि हात हाल्न सकिंदैन भन्नु समयलाई चिन्न नसक्नु हो । महिलाले जन्मनै पाएनन् भने जन्मँदापछिको गरिने काम वा वकालतले त्यति महत्व राख्दैन । छोरीलाई जन्मिनै नदिने समाजबाट अरू के आश गर्न सकिन्छ ? त्यसैले सबै एकै ठाउँमा उभिऊँ । जसले जे गर्न सक्छन्, गरौं । लिंग पहिचान गरी गरिने गर्भपतनको विरोधमा लागौं ।

तर आजको महिलावादी क्रियाकलाप र आन्दोलनको प्रकृतिलाई हेर्दा एकैठाउँमा उभिनु गाह्रो छ । सबैथरी आ-आफ्नो एजेन्डा लिएर दौडिरहेका छन् । आफ्नो एजेन्डा नै सबैभन्दा महत्वपूर्ण हो र मानिनु पनि पर्छ भन्ने मानसिकता पनि बढ्दो छ । आफूले बोकेको एजेन्डा बाहेक अरू विषयमा चासो राख्ने र बोल्ने क्रमश: कम हुँदैछ, चाहे जतिसुकै महत्वपूर्ण नारीवादी सवाल भए पनि । यसको एक उदाहरण बलात्कार सम्बन्धी विषय पनि हो । पल शाह र सन्दीप लामिछानेसँग सम्बन्धित बलात्कारको घटनामा पुराना अर्थात् पहिलो, दोस्रो जेनरेसनका महिलावादीहरू विभाजित हुनु, कैयौंले मौन बस्नुमा नै आफ्नो भलाइ देख्नु वा छानी-छानी केमा बोल्ने, केमा नबोल्ने भनी तर्क अगाडि सार्नु इत्यादि । यसले एकातिर युवा पुस्ता जो बलात्कार जस्तो जघन्य अपराधको विरोधमा सामूहिक महिलावादी प्रतिबद्धता आउनेमा ढुक्क देखिन्थे, उनीहरूको आश टुटेको देखिन्थ्यो । उनीहरू निरास देखिन्थे । आक्रोसित पनि थिए र छँदैछन् । र कैयौंमा महिलावादी आन्दोलनलाई नयाँ रूपमा अगाडि लिएर जाने क्षमता पनि देखिन्छ । यो विभाजनले सामूहिक आन्दोलनलाई घाटा पुर्‍याउने त छँदैछह तर फेरि पनि नयाँ, पुराना सबै एकै ठाउँमा उभिएर महिलाको जन्मिन पाउने अधिकारलाई सुरक्षित राख्नुको विकल्प छैन ।

*(साभार: अनलाइनखबर)*

# अनमोल उपहार हो-हरेक श्वास

✍ प्रेम रावत

सुख र दु:ख जीवनका दुई पाटा हुन् । सुख हुँदा मानिसले यसबाट फाइदा लिन सकूँ भन्ने कोशिश गरिरहन्छ । दु:ख भयो भने मानिस व्याकुल हुन पुग्छ । राम्रो-नराम्रोका बारेमा त सबै मानिसलाई थाहा छ तर एउटा सत्य राम्रो र नराम्रो दुवै कुराभन्दा पनि टाढा छ । त्यो सत्य हामी सबैको हृदयमा व्याप्त छ तथापि हामी त्यसमा अनभिज्ञ छौं ।

कठिनाइ र समस्याहरूमा फसेर हामी जीवनको तराजुमा मैले के पाएँ अनि के गुमाएँ भनेर तौलिरहन्छौं । मानिसहरू सोच्छन्- नोकरी छ, परिवार छ, जिम्मेवारीहरू छन् । यी सबै कुरा नै मेरो जीवन हो । तथापि, जीवन यत्ति मात्रै होइन । यो जीवनको सबैभन्दा मत्त्वपूर्ण चीज नै यो हामीभित्र आउने र जाने एउटा-एउटा श्वास हो । यो श्वासको आवागमन बन्द भएका दिन तपाईंका सबै मानसम्मान, नातागोता, तपाईंको जागिर, सबै धनवैभव अनि तपाईंले जीवन नै यही हो भनेर सोचेका सम्पूर्ण कुराहरू समाप्त हुनेछन् । यदि जीवनमा कुनै लक्ष्य हुनुपर्छ भने के त्यो लक्ष्य सर्वश्रेष्ठ हुनुपर्दैन र ! म त्यस चीजलाई चिनूँ जसको अभावमा म केही पनि होइन । त्यो चीज भएर नै म सबैथोक हुँ । यदि मैले त्यस्तो चीजलाई चिनिन भने त मेरो जीवन नै अधुरो हुन्छ ।

जीवन छ भने समस्या पनि हुन्छ । मानिस यो समस्याबाट बच्नै सक्दैन । हामीसँग भएका सबै समस्या हामी स्वयंले नै निर्माण गरेका हौं । यो दुनियाँको सबै कुरा सबैका लागि एक समानजस्तै छ । नयाँ रूपरंग लिएजस्तो गरे पनि समस्याको हथौडीले सबैलाई पीडा दिन्छ । यसको मुख्य कारण के हो भने मानिस आफ्नो काँधमा हरेक कुराको बोझ बोकेर बस्छ । जीवनमा निराशालाई स्थान दिनुहुँदैन । यदि तपाईंको जीवनमा निराशा छ भने आशा पनि त छ । आशा के हो भने भोलि फेरि सूर्योदय हुनेछ । जसरी सूर्य उदाउँछ अनि अस्ताउँछ, दिन समाप्त हुन्छ र रात्रि प्रारम्भ हुन्छ । यसरी नै तपाईंको जीवनमा पनि नयाँ दिनको आगमन हुन्छ । त्यो नयाँ दिनलाई स्वागत गर्नुहोस् । आफ्ना आशाहरूलाई हेर्नुहोस् । आफ्नो आनन्दलाई हेर्नुहोस् । यो तपाईंका लागि आशाहरूले भरिएको नयाँ दिन हो । नयाँ बिहानी हो । हिजो तपाईंले गर्नुभएका सबै कुराहरू आज तपाईंका लागि बदलिन सक्छन् । तपाईं आफ्नो जीवनमा आफ्नो वास्तविक आशालाई प्राप्त गर्नुहोस् । सृष्टिकर्ताले त तपाईंलाई यो शरीर, यो श्वास दिएका छन् । यो मौकाको फाइदा उठाउनुहोस् ।

तपाईंभित्र आइरहेको अनि गइरहेको यो श्वास अनमोल छ । भगवान्को कृपाले यो श्वास केही नसोचीकन, कुनै बटन नदबाईकन स्वत: आउँछ अनि स्वत: जाने गर्छ । यसले त्यसपछि के छोडेर जान्छ ? जिन्दगी छोडेर जान्छ ! एउटा कहिल्यै फर्केर नआउने समय छोडेर जान्छ । मानिसले अपनाउन चाहने एउटा उपहारलाई छोडेर जान्छ । त्यसलाई मानिसले स्वीकार गर्न चाहन्छ, लिन चाहन्छ । त्यो उपहार हो- जीवन ! 'आज' आउँछ र गइहाल्छ । तर, 'भोलि' का लागि जुन आशा साँचेका हुन्छौं, त्यो कहिल्यै पनि आउँदैन । भोलि जहिल्यै पनि भोलि नै हुन्छ । कहिल्यै 'आज' बन्न सक्दैन । तपाईं कुन समयमा जीवित हुनुहुन्छ ? भोलि या हिजोमा ? तपाईं आज जीवित हुनुहुन्छ । यस समयमा जीवित हुनुहुन्छ । तपाईं न एक सेकेन्ड अघि, न एक सकेन्ड पछि नै जान सक्नुहुन्छ । यो तपाईंको जीवन हो । यही समयमा अटुट शान्ति छ । जुन शान्ति तपाईंलाई बाहिर होइन तपाईंभित्रै प्राप्त हुन्छ । कुनै काम तुरुन्त गर्ने तथा कुनै काम भोलिका लागि छोड्ने मानिसको बानी हुन्छ । प्रश्न के उठ्छ भने, मानिसले कस्तो प्रकृतिको काम तत्कालै गर्दछ र कस्तो खालको कामलाई भविष्यका लागि छोडिदिन्छ ? प्रायजसो बाहिरबाट हेर्दा त्यति महत्त्वपूर्ण नलाग्ने कामलाई भोलिका लागि छोड्ने गरिन्छ । मानिसले के-के भौतिक उपलब्धिहरू हासिल गरेको छ भन्ने आधारमा आफ्नो दिनको सफलताको मूल्याङ्कन गर्ने गर्दछ ।

*क्रमश: पृष्ठ-३....*

# धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिमा सरकारलाई बाटो खुला, ढिलाइ किन ?




काठमाडौं/नेपाल धितोपत्र बोर्डमा अध्यक्ष नहुँदा प्रभावित भएका कामले मुलुकको अर्थतन्त्रमै दैनिक करोडौं नोक्सानी पुऱ्याइरहेको छ । अर्बौं रकमको सार्वजनिक निष्कासन नहुँदा थुप्रै जलविद्युत् आयोजनाको काम प्रभावित भएको छ । सार्वजनिक निष्कासन मात्रै होइन, बोर्डका अन्य धेरै काम अवरोध भएका छन् ।

सेयर बजारमा हुन सक्ने सम्भावित जालसाजी कारोबार तथा अन्य भित्री सूचना प्रवाहमाथिका नियमन ठप्प छ । बोर्डमा परेका गुनासा तथा उजुरी उपयुक्त समयमा सम्बोधन हुन सकेका छैनन् । बारम्बार कारोबार प्रणाली (टीएमएस) मा आउने अवरोधले लगानीकर्ता आक्रान्त छन् । समग्रमा बोर्ड नै अनिर्णयको बन्दी बनेको छ ।

यति महत्त्वपूर्ण रहेको बोर्ड अध्यक्ष पदको नियुक्ति सर्वोच्च अदालतमा परेको मुद्दाका कारण लम्बिएको आरोप लाग्ने गरेको छ । गत असार २१ मा सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल र बालकृष्ण ढकालको संयुक्त इजलासले नयाँ नियुक्ति प्रक्रिया नथाल्न भनिएको अन्तरिम आदेशलाई निरन्तरता दियो ।

त्यस्तै मुद्दाको पूर्ण सुनुवाइका लागि अग्राधिकार दिई नियमानुसार पेस गर्न भनियो । धितोपत्र बोर्डको अध्यक्ष जस्तो महत्त्वपूर्ण पद लामो समयसम्म खाली राख्न नहुने भन्दै सर्वोच्च बेन्चले अग्राधिकार दिएर पेसी तोक्न भनेको थियो । तर, पेसी भने ३० माघका लागि तोकियो । यसले बोर्ड अध्यक्ष नियुक्ति प्रक्रिया थप केही महिना लम्ब्याइदियो । अग्राधिकारको व्याख्याले सबैभन्दा प्राथमिकता दिएर पेसीको समय तोक्नुपर्ने हो, तर पेसी धेरै पछाडि धकेलिँदा नियुक्ति प्रक्रिया नै लम्बिएको छ ।

'अग्राधिकार भनिएका मुद्दा नै धेरै भएकाले यसमा पेसी पर धकेलिएको हुन सक्छ, तर यही मुद्दाका कारण सरकारलाई अध्यक्ष नियुक्तिका लागि बाटो बन्द भएको छैन,' यस विषयबारे जानकार एक न्यायाधीशले भने, 'अर्कातर्फ, सर्वोच्चमा अहिले पनि पाँच न्यायाधीशको नियुक्ति भएको छैन, त्यसले गर्दा पेसीको अवधि लम्बिरहेको अवस्था छ ।'

यदि बेन्चले समय नै निर्धारण गरेर अर्को पेसी तोकेको भए, यसलाई केही छिटो टुंगोमा पुऱ्याउन सकिन्थ्यो, तर अग्राधिकार दिन मात्रै भनिएपछि अरू अग्राधिकार मै परेका मुद्दा धेरै भइसकेकाले यो पछाडि धकेलिन पुगेको उनले बताए । 'हो, अग्राधिकार भनिसकेपछि पेसी पनि सक्दो छिटो तोकिनुपर्ने हो, यति धेरै पर सर्नु हुँदैनथ्यो, तर अग्राधिकार दिइएका मुद्दा नै धेरै भएर होला,' ती न्यायाधीशले भने ।

सरकारले चाहे पुरानै प्रक्रियालाई निरन्तरता दिई अध्यक्ष नियुक्त गर्न सक्ने उनको भनाइ छ । सरकारले यसअघि पुराना सबै प्रक्रिया रद्द गरी नयाँ प्रक्रिया थाल्न गठित अध्यक्ष सिफारिस समितिका पुरानै सदस्य रहने गरी नयाँ समिति बनाइसकिएको थियो । 'अदालतले नै नयाँ प्रक्रिया रोकिदियो र पुरानो प्रक्रिया जीवित बनाइदियो, त्यसपछि सरकारले रोकिएकै बिन्दुबाट नियुक्ति प्रक्रिया अघि बढाउन सक्थ्यो,' उनले भने।

उनका अनुसार पुरानै प्रक्रियाबाट कम्तीमा तीन वा पाँचैजनाको नाम पनि सिफारिस गर्न सकिन्छ । 'सिफारिस नाममध्ये मन्त्रिपरिषद् बैठकमार्फत एक जनालाई नियुक्त गरे भइहाल्छ,' उनले भने । कम्तीमा तीनको नाम सिफारिस गर्न समितिले यसअघि अन्तर्वार्ता तथा कार्यप्रस्तुतिमा अनुपस्थितलाई फेरि बोलाएर प्रक्रियामा सहभागी गराउन सक्ने छ ।

केही साताअघि सरकारले महान्यायाधिवक्ता कार्यालयबाट बोर्ड अध्यक्ष नियुक्ति र अदालतको आदेशबारे सुझाव लिएको थियो । महान्यायाधिवक्ता कार्यालयले अदालतको आदेशमा फरक नपर्ने गरी प्रक्रिया अगाडि बढाउन सकिने जवाफ दिएको थियो । अर्थात्, महान्यायाधिवक्ताको कार्यालयले पनि पुरानो प्रक्रियालाई निरन्तरता दिई बोर्ड अध्यक्ष नियुक्ति गर्न सकिने जवाफ दिएको थियो ।

'नियुक्ति प्रक्रियामा जहाँबाट समस्या देखियो, त्यहीँबाट समाधान गरी अगाडि बढाउन सक्ने सुझाव महान्यायाधिवक्ता कार्यालयबाट आएको छ,' मन्त्रालय स्रोतले भन्यो, 'अघि बढाउने प्रक्रियाबारे मन्त्रालय गृहकार्यमै छ ।' सर्वोच्चले हाललाई ३० माघका लागि पेसी तोके पनि टुंगो लाग्ने निश्चित हुँदैन । मुद्दाको टुंगो लाग्दा अरू थप महिना धकेलिन सक्छ । यदि मुद्दाको टुंगो नै पर्खिने हो भने धितोपत्र बोर्ड अझ थलिने छ ।

धितोपत्र बोर्ड गत २० पुस २०८० पछि नै कार्यकारी अध्यक्षविहीन छ । अर्थतन्त्रको महत्त्वपूर्ण स्वायत्त निकाय बोर्ड यति लामो समयसम्म कार्यकारी प्रमुखविहीन हुँदा ४१ खर्ब रुपैयाँ बराबरको पूँजीबजारमा विभिन्न जोखिम बढेका छन् ।

**कसरी गिजोलियो अध्यक्ष नियुक्ति प्रक्रिया ?**

धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिका लागि सिफारिस समितिले संक्षिप्त सूची (सर्टलिस्ट) मा पाँच जना छनोट गर्दै अन्तर्वार्ता र प्रस्तुतीकरणका लागि बोलाएको थियो । सर्टलिस्टमा बीमा प्राधिकरणका पूर्वअध्यक्ष चीरञ्जीवी चापागाईं, बोर्डकै कार्यकारी निर्देशक नवराज अधिकारी, अर्का कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ र नेपाल स्टक एक्स्चेन्ज (नेप्से) का प्रमुख कार्यकारी अधिकृत (सीईओ) कृष्णबहादुर कार्की र व्यवसायी सन्तोषनारायण श्रेष्ठ थिए ।

तर, तत्कालीन समयमा सत्ता नेतृत्व गरेको नेकपा माओवादीको असहयोगपछि सर्टलिस्टमा परेका पाँचमध्ये पार्टीनिकट मानिएका तीन उम्मेदवार अन्तरवार्ता तथा कार्यप्रस्तुतिमै सहभागी भएनन् । चापागाईं, अधिकारी र कार्की अन्तर्वार्तामा अनुपस्थित भए । यी तीन जनालाई माओवादीले नै अनुपस्थित गराएको स्रोतको दाबी छ ।

यसपछि सिफारिस समितिले तीन जनाको नाम सिफारिस गर्न नसक्ने परिस्थिति निम्तियो । धितोपत्र सम्बन्धी ऐनको दफा ७ को उपदफा ४ मा समितिले नाम सिफारिस गर्दा यस ऐन बमोजिम योग्यता पुगेका कम्तीमा तीन व्यक्तिको नाम सिफारिस गर्नुपर्ने व्यवस्था छ । दुईले मात्रै कार्यप्रस्तुति तथा अन्तर्वार्ता दिएपछि समितिलाई तीन जना सिफारिस गर्न नसक्ने स्थिति निम्तियो । समितिले महान्यायाधिवक्ताको कार्यालयबाट के गर्ने भन्नेबारे राय पनि लियो । रायमा कम्तीमा तीन जनाको नाम सिफारिस गर्नैपर्ने र दुई जनाको नाम सिफारिस हुन नसक्ने जानकारी गराइयो ।

यसपछि समिति सुझाव अनुसार सरकारले अन्ततः नियुक्ति प्रक्रिया नै रद्द गऱ्यो । नयाँ नियुक्तिका लागि अर्कोपल्ट पुरानै सदस्य रहने गरी सिफारिस समिति गठन भयो । प्रक्रिया नै रद्द भएपछि श्रेष्ठ सर्वोच्च अदालत गए । नयाँ नियुक्ति प्रक्रिया रद्द गराउन अन्तरिम आदेशको माग गर्दै उनले मुद्दा दायर गरेका थिए ।

बोर्ड अध्यक्ष नियुक्ति रद्दको कानुनी व्यवस्था नभएको उनको जिकिर थियो । नभन्दै अदालतले १८ असारमा बोर्ड अध्यक्ष नियुक्ति प्रक्रिया रद्द नगराउन अन्तरिम अल्कालीन आदेश दियो । २१ असार मा पनि सोही आदेशलाई निरन्तरता दिइयो र मुद्दालाई 'अग्राधिकार' दिनू भनिए पनि ३० माघका लागि पेसी तोकियो ।

नयाँ सरकार बनेसँगै धितोपत्र बोर्ड अध्यक्ष नियुक्ति प्रक्रियाले तीव्रता पाउने अपेक्षा गरिएको थियो । सेयर लगानीकर्ताको विश्वास जितेका अर्थमन्त्री विष्णु पौडेलले बोर्डलाई नेतृत्वविहीन अवस्थामा नराख्ने ठानिएको थियो । तर, सरकार बनेको दुई महिना पूरा भइसक्दा पनि सरकारले अड्किएको अध्यक्ष नियुक्ति प्रक्रिया अगाडि बढाउन सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# काठमाडौं आइपुगे साउथ स्टार प्रकाश राज



काठमाडौं/साउथ इण्डियन फिल्म 'ज्याक' छायांकनका लागि चर्चित भारतीय अभिनेता प्रकाश राज शनिबार काठमाडौं आइपुगेका छन् ।

भिस्तारा एयरलाइन्सको विमानबाट उनी दिल्ली हुँदै अपरान्ह त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरे ।

५ दिनदेखि यो तेलुगु फिल्मको सुटिङ काठमाडौं उपत्यकाको विभिन्न स्थानमा भैरहेको छ । प्रकाशराजले आइतबार देखि छायांकन ज्वाइन गर्नेछन् । १० दिनसम्म प्रकाशले नेपालमा फिल्म सुटिङ गर्नेछन् ।

यो फिल्मका लागि १५ जनाभन्दा बढी कलाकार अहिले नेपालमा छन् । केही नेपाली कलाकारले पनि यसमा अभिनय गरि रहेका छन् । छायांकनमा नेपाली प्राविधिकहरुको संलग्नता छ ।

यो फिल्मको नेपाल व्यवस्थापन सुरज आचार्य, अरुण रेग्मी र सुरेश अधिकारीको कम्पनी थ्री ह्विलर्सले हेरिरहेको छ । फिल्मको निर्माण व्यवस्थापक चलचित्र प्राविधिक संघका अध्यक्ष रहेका पुष्कर लामा (प्रेम भोम्जन) हुन् ।

हस्पिटालिटीको व्यवस्थापन माउण्टेन बौद्ध होलिडेजका प्रकाश सापकोटाले हेरेका छन् । आगामी २० दिनसम्म काठमाडौं उपत्यकाका विभिन्न स्थानमा फिल्मको छायांकन हुने लामाले जानकारी दिए ।

नेपालअघि यो फिल्मको सुटिङ भारतको हैदराबादमा गरिएको थियो ।

बोमारिल्लु भास्करले निर्देशन गरिरहेको यो फिल्मको शीर्ष भूमिकामा सिद्धु जोन्नालगडा छन् । तेलुगु फिल्म 'टिल्लु स्क्वायर' बाट उनी चर्चामा छन् । वैष्णवी चैतन्य अभिनेत्रीको रुपमा छिन् । वेंकटेश्वर सिने चित्रले फिल्म निर्माण गरिरहेको छ । फिल्मको ८० प्रतिशत छायांकन पुरा भएको जनाइएको छ ।

# 'शाम्बाला' आधिकारिकरुपमा अस्कर अवार्डमा सिफारिस



काठमाडौं/'शाम्बाला' अधिकारिकरुपमै नेपालबाट अस्कर अवार्डमा सिफारिस भएको छ । अस्करको अन्तर्राष्ट्रिय फिचर चलचित्र छनोट समितिले विज्ञप्ति जारी गर्दै यसबारे जनाएको हो ।

आवेदन दिनको लागि जारी गरिएको समयभित्र 'शाम्बाला'ले मात्र आवेदन दिएको र अस्करका सबै मापदण्ड यो फिल्मबाट पुग्ने जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'यो फिल्म एकेडेमीका सबै मापदण्ड पुग्ने स्तरीय एवम अब्बल दर्जाको सिर्जना रहेकोमा प्राविधिक पक्ष, कथ्य प्रस्तुति, चरित्रको भावनात्मक विश्लेषण प्रस्तुति तथा प्रस्तुतिको कलात्मक बनोट आदि समेतलाई दृष्टिगत गरि अवार्डका लागि शाम्बालालाई छनोट गरिएको छ ।'

९७ औं अस्कर अवार्ड आगामी मार्च ३, २०२५ मा अमेरिकाको लस-एन्जलसमा आयोजना हुँदैछ । मीनबहादुर भाम निर्देशित 'शाम्बाला' अहिले नेपाली हलमा प्रदर्शन भैरहेको छ । फिल्मले पहिलो साता डेढकरोड हाराहारीमा ग्रस क्लेक्सन गरेको छ ।

# अनमोल उपहार हो....

विचारणीय पक्ष के छ भने भौतिक सुखको प्राप्तिका लागि मात्र ऊ रातदिन लागिरहेको छ । तर, 'उसलाई यो जीवन किन प्राप्त भएको छ ? उसको जीवनको उद्देश्य के हो त ?' एकापट्टि संसारका सबै जिम्मेवारीहरू छन् र अर्कोतिर तपाईंको आफ्नो जीवन छ ! जुन जीवन तपाईंलाई दिइएको छ, त्यो तपाईंका लागि हो । यदि तपाईंले यो कुरालाई स्वीकार गर्नुहुन्छ भने प्रश्न यो पनि उठ्दछ- जुन चीज तपाईंलाई प्राप्त भएको छ, त्यसलाई आजसम्म सदुपयोग गर्ने कोशिश गर्नुभएको छ कि छैन ?

तपाईं जीवित हुनुहन्छ । तपाईंको जीवनमा जे भइरहेको छ र जे पछि होला, ती सबै अहिलेको रूपमा नै भइरहेका छन् । तर, मानिसहरूको ध्यान पूर्वजन्म र पछिको जन्मतिर जान्छ । जीवनमा के भएको थियो या पछि के हुनेछ भन्नेतिर जान्छ । यदि तपाईंले रेलमा यात्रा गर्नुपऱ्यो र तपाईंसँग टिकट छ- तपाईंले स्टेसनमा गएर 'पहिलाको रेल कहाँ गएको थियो' र 'अब आउने कता जान्छ' भनेर सोध्नु आवश्यक हुन्छ र ? होइन ! तपाईं त यो सोध्नुहुन्छ, 'ऊ त्यो रेल कता जान्छ ?' ठीक त्यसै गरी यो श्वास तपाईंभित्र आउँछ र जान्छ । यो सृष्टिकर्ताको कृपाका कारण नै आउँछ । तर, कसैको पनि ध्यान यो श्वासतिर जाँदैन । यो आइर हन्छ अनि गइरहन्छ । यो श्वास जान्छ अनि जब आउँदैन नि, तब मात्र मानिसको ध्यान यसतर्फ जान थाल्छ । त्यस बेला एउटै कुराको मात्र चिन्ता हुन्छ- कसरी अर्को एउटा श्वास लिन सकूँ !

पानीको अभाव नहुँदा मानिसहरूले पानीलाई खेर फाल्छन् । तर, पानीको अभाव भएपछि कसैले पनि पानीलाई खेर फाल्दैनन् । तपाईंको श्वास पनि त्यस्तै छ । एकदिन आएका थियौं । त्यस दिन पहिलो श्वास आएको थियो । एकदिन जानुपर्छ । त्यो अन्तिम श्वास हुनेछ । यसको बीचमा छ- आजको दिन ! संसारका सबै कार्यलाई पूरा गर्नका लागि हामी आजको दिनलाई उपयोग गर्दछौं । यो अनमोल श्वास प्राप्त भएको त छ तर यसलाई हामी ध्यान दिँदैनौं । किनभने, व्यापार राम्रो भएको र राम्रो जागिर प्राप्त भएको दिनलाई मात्रै हामी राम्रो मान्दछौं । वास्तवमा सबैभन्दा राम्रो दिन त त्यो हो जुन दिन तपाईं भन्नुहुन्छ- 'आजको दिन मैले यो जीवनलाई पाएको छु । मेरो श्वास चलिरहेको छ । म जीवित छु । मैले यो मौका पाएँ । अब म यसलाई गुमाउन चाहन्न । आज मैले त्यो कुरालाई बुझेँ जसको चर्चा सबै महापुरुषले आफ्नो जीवनभरि गर्दै आएका छन् ।'

यो कुरालाई बुझेको दिनदेखि यो जीवन व्यर्थ जाँदैन । त्यो दिन तपाईं आफ्नो फदयरूपी भाँडोलाई खेर गइरहेको पानीको धारामुनि राखिदिनुहुन्छ । त्यो पानी बच्नेछ । जिन्दगी सुनिछ । त्यो चीज पाइनेछ जसबाट हामी आफ्नो जीवनलाई पूर्ण बनाउन सक्छौं । प्रत्येक दिन फदयबाट आभारी भएर भन्न सक्छौं- 'हे सृष्टिकर्ता, तपाईंलाई लाखौंलाख धन्यवाद छ !' अनि, यो भन्नुहुनेछ- आजको दिन नै मेरो पहिलो दिन हो । भोलि फेरि यो दिन आयो भने म त्यसलाई खेर जान दिन्न । यसरी नै हामीले हरेक दिनलाई स्वागत गर्नुपर्नेछ । भोलिलाई होइन । न त हिजोलाई नै । बरु आजलाई सधैंका लागि स्वागत गर्नुपर्नेछ ! किनभने, जीवनमा जति पनि दिनहरू आउँछन्, ती सबै 'आज' को रूपमा नै आउँछन् । तपाईं भोलिभित्र वा पर्सिभित्र प्रवेश गर्नुपर्छ भन्ने पनि होइन । प्रवेश गर्नुपर्दैन ! यो त स्वतः आउँछ र आफैँ जान्छ । यसमा तपाईंका लागि के लुकेको हुन्छ? त्यो हरेक श्वासको आउनु-जानुमा अनि हरेक 'आज' को आगमन र प्रस्थानभित्र तपाईंको 'आनन्द' लुकेको छ । तपाईंको जीवनको आनन्द । तपाईंको फदयको आनन्द । त्यो सुख, सन्तुष्टि, आनन्द, जुन शङ्काबाट पर, दुःखबाट पर- जहाँ अँध्यारो हैन, प्रकाशै प्रकाश छ ! जहाँ प्रश्न हैन उत्तरै-उत्तर छ ।

अहिले हामीसँग समय छ । त्यसैले हामी भोलिलाई सुधार्ने कुरामा भन्दा आजलाई ध्यान दिऊँ । आज नै आफ्नो फदयलाई शान्ति र आनन्दले भरौं । भोलि आउँछ कि आउँदैन भन्ने कुरामा हामीले चिन्ता गर्नु आवश्यक छैन । यदि भोलि आयो भने त्यसलाई पनि आजलाई जस्तै स्वागत गर्नेछु । ताकि मेरो फदय दिन-प्रतिदिन भरिँदै जाओस् र मेरो जीवन सफल होस् । त्यसैले भोलिमा होइन आजमा जिउन शुरु गरौं । गएको वा आउने समयलाई होइन, आजसँग रहेर जिउन शुरु गरौं । आजको महत्वलाई बुझौं । 'आज' के हो, 'आजको दिन' के हो भन्ने कुरा तपाईंले बुझ्नु भएपछि तपाईंले भोलिको आशालाई छोड्नुहुनेछ । अनि, आफ्नो आशालाई 'आज' नै पूरा गर्ने कोशिशमा लाग्नुहुनेछ । किनभने, भोलिमा जति पनि आशा हुन्छ, त्यति नै निराशा पनि रहेको हुन्छ । 'आज'मा जति आशा गरिएको हुन्छ, त्यसलाई पूरा गर्न सकिन्छ ।

तपाईं यो संसारमा खाली हात आउनुभएको थियो तर तपाईंले खाली हात जानु आवश्यक छैन । केही लिएर जानुहोस् । आफ्ना साथमा के लिएर जान सक्नुहुन्छ ! आफ्नो फदयमा प्रेम लिएर जान सक्नुहुन्छ । आफ्नो फदयरूपी भाँडोलाई भरेर लैजान सक्नुहुन्छ । यदि यो मेरो जीवन हो, यो मेरो श्वास हो, मसँग एउटा अनमोल चीज छ भन्ने कुराको याद रह्यो अनि म त्यसलाई गुमाउन चाहन्न भन्ने भयो भने मेरा लागि त सबै कुरा बदलिनेछ । चाहे बाहिरबाट केही नै बदलिएन भने पनि भित्रबाट सबैथोक बदलिनेछ । तपाईंले आफ्नो श्वासलाई बुझ्नुभएका दिन तपाईंले आफूले आफूलाई बुझ्नुहुनेछ । त्यस दिन तपाईंमा शङ्का रहनेछैन । तपाईंमा स्पष्टता हुनेछ । तपाईंले आफूभित्र आइरहेको अनि गइरहेको चीजलाई प्रेम गरेपछि यो जीवनसँग प्रेम हुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# चन्द्रागिरिका ८ वडा बालश्रममुक्त घोषणा

काठमाडौं/चन्द्रागिरि नगरपालिकाले 'बालश्रममुक्त वडा' घोषणा कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्दै धमाधम बालश्रममुक्त वडा घोषणा गरिरहेको छ । नगर पालिकाले चालुआर्थिक वर्षभित्र आफ्ना सबै वडालाई 'बालश्रममुक्त वडा' घोषणा गर्ने लक्ष्य लिएको छ ।

'बालबालिकालाई श्रममा प्रयोग नगरौं, बालश्रममुक्त समाजको निर्माण गरौं' भन्ने नारासहित हालसम्म चन्द्रागिरिका वडानं ३ थानकोट, वडा नं ५किसिपिडि, वडा नं ६ महादेवस्थान, वडा नं ७ चेकपोष्ट , वडा नं ८ मातातीर्थ, वडा नं ११ सतुंगल र वडा नं १४ नयाँ नैकापलाई 'बालश्रममुक्त वडा' घोषणा भइसकेका छन् ।

यसक्रममा शनिबार चन्द्रागिरि -१० सतुंगललाई बालश्रममुक्त घोषणा गरियो । हालसम्म नगरका १५ वडा मध्ये विभिन्न आठ वडालाई 'बालश्रममुक्त वडा' घोषणा गरिएका छन् । नगरपालिकाले बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यबिधि २०७५ को लक्ष्य अनुसार बालश्रम निवारणको लागि बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यबिधि २०७७ अबलम्बन गरेको छ । साथै नगरापालिकाले बालश्रम निवारण सम्बन्धी कार्ययोजना बनाई बालश्रम मुक्त नगर तथा बडा निर्माणका लागि बिबिध कार्यक्रम सञ्चालन गरिरहेको छ । बालबालिका सम्बन्धी बालमैत्री स्थानीय शासन कार्यविधि, २०६८ ले विभिन्न ३९ सूचक पूरा गरेको अवस्थामा बालश्रम घटेको हुनुपर्ने उल्लेख छ । चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले शनिबार यहाँ आयोजित कार्यक्रममा चन्द्रागिरि -१० लाई 'बालश्रम मुक्त वडा घोषणा' गरे ।

त्यस क्रममा उनले बालश्रम निवारणलाई नगर पालिकाले उच्च प्राथमिकता राखेको बताउँदै घोषणापछिको दिगोपनमा काम गर्नुपर्ने बताए । बालमैत्री नगर घोषणाका लागि प्रारम्भिक चरणमा विभिन्न सूचक पूरा गरी वडालाई बालश्रम मुक्त बनाउँदै लगिएको उनले जानकारी दिए । उनका अनुसार आगामी २०८१ सालको चैतसम्ममा नगरका सबै वडा बालश्रम मुक्त वडा घोषणा भइसक्ने छन् । बालश्रम मुक्त घोषणाअघि बाजागाजासहित ऱ्याली निकालिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# प्रदीपको कुदाकुद

काठमाडौं/नयाँ पुस्ताका 'स्टार' अभिनेता प्रदीप खड्काले कोभिडभन्दा अघि वर्षमा मुश्किलले एउटा फिल्म गर्थे ।

प्रस्तावको ओइरो हुँदा पनि संख्यात्मक वृद्धिमा जोड दिएनन् । तर, अहिले उनले काम गर्ने शैली पूरै बदलेका छन् । कुनै बेला एउटा फिल्म प्रदर्शन नहुँदासम्म अर्कोमा हत्तपत्त नजोडिने उनीसँग अहिले हातभरि फिल्म छन् । र, एकसाथ दुईवटा फिल्मको छायांकनमा समय दिइरहेका छन् ।

यतिबेला प्रदीपका दुई फिल्म 'पिताम्बर'को नवलपरासीमा र 'एक्लो'को उपर मुस्ताङमा छायांकन चलिरहेको छ । यी दुई फिल्मको छायांकनमा उनको कुदाकुद छ । फिल्म 'एक्टर'को एक रोमान्टिक गीतको केही अंश पोखरामा गरेर उनी 'पिताम्बर'को काठमाडौं छायांकनमा जोडिएका थिए । यसपछि मुस्ताङमा 'एक्टर'को गीत सकाएर उनी 'पिताम्बर'को छायांकनका लागि नवलपरासी पुगे ।

नवलपरासीमा अभिनेता सौगात मल्लसँगको केही एक्सन दृश्य सकाएपछि प्रदीप फेरि मुस्ताङ पुगेर 'एक्लो'को छायांकनमा जोडिए । त्यहाँ तीन दिन छायांकन गरेर उनी फेरि 'पिताम्बर'का लागि नवलपरासी पुगिसकेका छन् । अहिले उनको एक्सन खिन खिचिँदैछ । अब दशैंअघि काठमाडौंमा 'एक्लो'को छायांकन गर्न लागेका उनले त्यसपछि फेरि परासी गएर 'पिताम्बर'को एक गीत सक्नेछन् ।

दशैंपछिबाट भने प्रदीपले तिहारको लक्ष्मीपूजा अर्थात् कात्तिक १५ गतेबाट प्रदर्शनमा आउन लागेको 'एक्टर'को प्रचारमा समय दिने जनाइएको छ । यसपछि उनले काम गर्नुपर्ने फिल्म अझै २/३ वटा छ । यसरी हेर्दा उनलाई यस वर्ष छायांकन र प्रचारमा कुदाकुद हुने देखिन्छ ।

अब यो व्यस्तता उनको करिअरका लागि फाइदाजनक हुन्छ या घातक सावित, त्यो ढिलोचाँडो समयले देखाउनेछ ।



# ज्योति सामुदायिक वनद्वारा २ करोडको अनुमानित आय-व्यय प्रस्तुत

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ ज्योति सामुदायिक वन उपभोक्ता समूह हेटौंडा-१८ हर्नामाडी ठूलोदमारको ३१ औं साधारणसभा शनिबार सम्पन्न भएको छ । साधारणसभाले चालु आर्थिक वर्ष २०८१/८२ मा २ करोड ५३ हजारको अनुमानित आय-व्यय तथा विभिन्न कार्यक्रम गर्ने निणर्य पारित गरेको छ ।



समूहका अध्यक्ष एवम् कार्यक्रमका सभाध्यक्ष रामबाबु खतिवडाले चालु आवको अनुमानित आय-व्यय प्रस्तुत गर्दै गतवर्षझैं यसवर्ष पनि वनविकास, सामुदायिक विकास र गरिबी न्युनीकरणलगायत कार्यक्रम गर्ने लक्ष्य लिएको जानकारी दिए । उनले समूहको भवन निर्माण गर्न ६० लाखको कोष स्थापना गर्ने जानकारी दिए । समूहको कार्यकाल ५ वर्षको हुनेगरी विधान तथा कार्ययोजना संशोधन गर्ने निर्णय भएको छ ।

उनका अनुसार वन व्यवस्थापन कार्यक्रममा वन व्यवस्थापन, सम्वर्द्धनका कार्यक्रम, चरिचरणको व्यवस्थापनसहित वृक्षारोपण, वन्यजन्तु तथा चराचुरुङ्गीका लागि पोखरी निर्माण, वन सदुपयोगसम्बन्धी कार्यक्रम र उपभोक्तालाई फलफूलका विरुवा वितरण गरिने जानकारी दिए । सामुदायिक विकास कार्यक्रमअन्तर्गत विभिन्न संघ, संस्थालाई आर्थिक अनुदान, उपचार सहयोग उपलब्ध गराउनुका साथै खेलमैदान स्तरोन्नती, सत्तल निर्माण, थानीमन्दिर निर्माण, प्रतिक्षालय निर्माण्, कुवामर्मत, पर्यटन, पर्यावरण विकासलगायतका कार्यक्रम गरिने उनको भनाई छ ।

समूहका अध्यक्ष खतिवडाले गरिबी न्यूनीकरण कार्यक्रमअन्तर्गत महिला सशक्तिकरण, उद्यमशीलता, कृषिमा अनुदान सहयोग, लक्षितवर्गमा अनुदान सहयोग, समूहलाई आर्थिकरुपमा सबल बनाउन साथै समुदायलाई आत्मनिर्भर, शीपमूलक बनाउन आफ्नै काठ प्रशोधन उद्योग सञ्चालन गर्ने र सामुदायिक वनभित्रका खाली ठाउँमा आयआर्जनमूलक खेती लगाउने कार्यक्रम गरिने भनाई राखे ।

प्रमुखअतिथि एवम् हेटौंडा-१८ का वडाअध्यक्ष अनिलकुमार बानियाँले वन समूहको रकम सही ठाउँमा लगानी हुनुपर्नेमा जोड दिए । समूहले लक्षितवर्गलाई छुट्याएको रकमले उनीहरुलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गरे । हर्नामाडीमा रहेका अन्य सामुदायिक वन उपभोक्ता समूहभन्दा यस ज्योति समूहमा आर्थिक पारदर्शिता रहेकाले यो वन समूह १८ नम्बर वडाकै उत्कृष्ट रहेको दाबी समेत गरे ।

कार्यक्रमका विशिष्ट अतिथि एवम् हर्नामाडी सव-डिभिजन कार्यालयप्रमुख मदन घिमिरेले चालु आवको कार्यक्रममा वनपैदावार चोरी, तस्करी नियन्त्रणका विषय समेट्न आग्रह गरे । उनले सव डिभिजनको क्षेत्राधिकारभित्र रहेका १५ वटा सामुदायिक वनमध्ये समयमै साधारणसभा गर्ने ज्योति सामुदायिक वन पहिलो भएकोमा प्रशंसा गरे । समूहका सल्लाहकार संयोजक एवम् वंशगोपाल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अरुणकुमार खतिवडाले समूहको हालसम्मको क्रियाकलाप लोकतान्त्रिक पद्दतीमै रहेको बताए । उनले वन तथा वातावरण जोगाउन निरन्तर लाग्न पनि समूहलाई सुझाव दिए ।

समूहका सचिव राजकुमार श्रेष्ठले आ.व.२०८०/८१ को आयव्यय प्रस्तुत गरे । ज्योति सामुदायिक वन उपभोक्ता समूहका सल्लाहकार एवम् हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रम्तेल, समूहका पूर्वअध्यक्षको तर्फबाट मंगलसिं लामा, टोल विकास संस्थाका तर्फबाट रामधुनी टोल विकास संस्थाका अध्यक्ष रमेश सिलवाल, समूहका लेखा संयोजक इमानबहादुर थापा, गोरक्षनाथ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रोशन थापा, वडा प्रहरीका ईन्चार्ज उर्मिला रानाले मन्तव्य राखे ।

# बालश्रम अन्त्यका लागि तीन पालिकाबीच समन्वय बैठक

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ बालश्रम अन्त्यका लागि मकवानपुरको पश्चिमी क्षेत्रका तीन पालिकाबीच समन्वय बैठक भएको छ । राक्सिराङको आयोजनामा बालकल्याण समाज र आसमान नेपालको सहकार्यमा बालसंरक्षणको सबालमा मनहरी र कैलास गाउँपालिकाबीच समन्वय बैठक भएको हो ।

बालश्रम अन्त्यको लागि संयुक्तरुपमा गर्न सकिने कार्यक्रम र बालसंरक्षणाको लागि अबको कार्ययोजना तयार गर्ने उद्देश्यले बैठकको आयोजना गरिएको राक्सिराङ गाउँपाकिला उपाध्यक्ष बनस्तम थिङले बताए । उनले धर्मको नाममा बालबालिकालाई अन्तै पढ्न पठाइने गरेको र बालबालिकालाई पढ्न छुटाएर बालश्रममा लगाउँदा भविश्यमा कस्ता जनशक्ति उत्पादन हुने हो ? आफूलाई कहाली लागेको बताए ।

मनहरी गाउँपालिकाले बालश्रम अन्त्य गर्न होटल, ग्यारेज, घर र तानको अनुगमन गर्दै भेटिएको बालश्रमिकलाई विद्यालयसम्म पुऱ्याउन छात्रबृत्ति र अभिभावकशिक्षा जस्ता कार्यक्रम संचालन गर्नेबारे उपाध्यक्ष सीता पुलामीमगरले बताइन् । कैलाश गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले बालअधिकारको बारेमा सचेतना, बालश्रमको नकारात्मक पक्षको बारेमा अभिभावकलाई शिक्षा र सबै बालबालिका पूर्णसमय औपचारिक शिक्षामा हुनुपर्दछ भन्ने मान्यताका साथ पालिकाले कार्य गर्ने बताए ।

बालश्रम अन्त्य गर्ने सबालमा सामाजिक संस्था सहितको संयुक्त बैठकलाई पालिकाले सकारात्मक रुपमा लिई पटकपटक समन्वय बैठक गरी महत्वपूर्ण निर्णय गर्दै राज्य र नागरिकसमाजबीच समाजमा रहेको बिकृतिलाई हटाउन गरिएको प्रयास अनुकरणीय भएको बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडाले बताए ।

समन्वय बैठकले तीनवटै पालिकाबीच संयुक्तरुपमा बालश्रमको अनुगमन गर्ने र श्रमिक बालबालिका भेटिए कुन पालिकाको बालश्रमिक हो त्यही पालिकाले श्रमिक बालबालिकाको अबस्था बिश्लेषण पश्चात बालश्रमिकको ब्यबस्थापन गर्ने सहमति गरिएको छ । सडक बालबालिकामुक्त पालिका बनाउन राष्ट्रिय बालअधिकार परिषद् र सामाजिक विकास मन्त्रालय बागमती प्रदेशमा समन्वय गर्ने निर्णय भएको छ ।

# गजल मञ्चको ‘२१७ औं’ गजलयात्रा

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ गजल मञ्च मकवानपुरको २१७ औं गजलयात्रा शनिबार हेटौंडामा सम्पन्न भएको छ । गजलयात्रामा गजलकार दीपक गौतमको एकल वाचनका साथ नवर्सजकहरुका केही गजलवाचन गरिएको थियो ।

कार्यक्रममा गजलकार गौतमले दुईचरणमा १० वटा गजल प्रस्तुत गरेका थिए । नवसर्जकको तर्फबाट ४ जनाले गजलवाचन गरेका थिए । कार्यक्रममा नवसर्जक गजलकार अनसूया खनाल (कक्षा-६, तुलसीमेहर मावि), प्राश्ना पौडेल (कक्षा-६, तासिर इङ्लिस बोर्डिङ स्कुल), रुबस पराजुली (कक्षा-६, जीएस निकेतन मावि) र सामना रिजाल (कक्षा-७, मकवानपुर बालविद्यासदन) ले प्रस्तुत गरेका थिए ।

गजलविधाको उन्नयन र प्रवर्द्धनमा काम गर्दै आएको गजल मञ्च मकवानपुरले हरेक महिनाको पहिलो शनिबार नियमित गजलयात्राको आयोजना गर्दै आएको मञ्चका अध्यक्ष एवम् संचारकर्मी केशव समर्पणले बताए । मञ्चले पछिल्लो समय मावि तहको अध्यापन हुने विद्यालयमा पुगी गजल प्रशिक्षणको कार्यक्रम गरी नवसर्जक केन्द्रित श्रृंखला सञ्चालन गरिरहेको छ । गजल मञ्च मकवानपुरका अध्यक्ष समर्पणको सभाध्यक्ष तथा अग्रज साहित्यकार निमेष निखिलको प्रमुख आतिथ्यतामा गजलयात्रा भएको हो ।

# महालक्ष्मी साहित्य पुरस्कारबाट मुना अर्याल सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ तत्कालीन यती फाइनान्स कम्पनी (हालको महालक्ष्मी विकास बैंक) सँग मातृभूमि साहित्य समाजले सहकार्य गरी स्थापना गरेको महालक्ष्मी साहित्य पुरस्कार, २०८० बाट महाकाव्यकार मुना अर्याल सम्मानित भएकी छिन् ।

शनिबार मातृभूमि साहित्य समाज र महालक्ष्मी विकास बैंकले संयुक्तरुपमा पुरस्कारबाट मकवानपुरकी साहित्यकार अर्याललाई सम्मानित गरिएको हो । पुरस्कारको राशी ५१ हजार रुपैयाँ रहेको छ । बागमती प्रदेशका आन्तिरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछाने, समाजका अध्यक्ष कृष्णप्रसाद दाहाल, महालक्ष्मी विकास बैंकका क्षेत्रीय प्रवन्धक शम्भुप्रसाद पराजुलीले संयुक्त रुपमा पुरस्कार प्रदान गरेका थिए ।

यो पुरस्कार भाषा, साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने साहित्यसेवीलाई २०५९ सालदेखि निरन्तर प्रदान गरिँदै आएको मातृभूमिका अध्यक्ष दाहालले जानकारी दिए । हालसम्म यो पुरस्कारबाट २० जना साहित्यकार सम्मानित भइसकेका छन् । समाजले २०५९ सालमा यती फाइनान्ससँगको सहकार्यमा यो पुरस्कारको स्थापना गरेको थियो । यती फाइनान्स यती विकास बैंक हुँदै महालक्ष्मी विकास बैंकसँग मर्ज भएपछि २०७४ सालबाट पुरस्कारको नाम महालक्ष्मी साहित्य पुरस्कार भएको हो ।

त्यस्तै, समाजसेवी ईश्वर मैनालीले आफ्नो बुबाको स्मृतिमा स्थापित केशवलाल स्मृति मातृभूमि पत्रकारिता पुरस्कार २०८० बाट हेटौंडा सन्देश दैनिकका सम्पादक माधवप्रसाद न्यौपाने सम्मानित भएका छन् । यो पुरस्कारको राशी भने नगद १० हजार रुपैयाँ रहेको छ । यसैगरी मकवानपुर श्रीसम्मानबाट मकवानपुरका अग्रज शिक्षाप्रेमी बद्रीनाथ शर्मा अर्याललाई सम्मानित गरिएको छ ।

मातृभूमि साहित्य समाज, मकवानपुर भाषा, साहित्य, कला, संगीत र संस्कृतिको संरक्षण/संवर्द्धन गर्ने उद्देश्यले २०५६ सालमा स्थापित संस्था हो । समाजले विभिन्नविधामा १७ वटा पुरस्कार प्रदान गर्दै आएको समाजका संस्थापक अध्यक्ष हृयग्रीव आचार्यले जानकारी दिए । पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्यक्रममा बिभिन्न साहित्यकारहरुले गीत, कबिता, गजल, मुक्तकवाचन गरेका थिए ।

# कांग्रेस बागमतीले जनताको निराशालाई भरोसामा बदल्न भूमिका खेल्ने

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ जनतामा बढ्दै गएको निराशालाई भरोसामा बदल्न भूमिका खेल्ने लगायतका निर्णय गर्दै नेपाली कांग्रेस बागमती प्रदेश बैठक चितवनको सौराहामा सम्पन्न भएको छ ।

बिहीबार भएको दशौँ बैठकले व्यवस्था परिर्वतनका लागि भएको आन्दोलनमा मृत्यू तथा घाइते भएकाको परिवारको आयआर्जन, शिक्षा, स्वास्थ्य, रोजगारीलाई उच्चप्राथमिकतामा राखेर काम गर्न नेपाली काँग्रेसले नेतृत्व गरेको प्रदेश सरकार र पालिकाप्रमुखलाई निर्देशन दिने निर्णय गरेको छ । चितवनलाई आर्थिक तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न सडक सञ्चालन विस्तारको लागि तीनै तहको सरकारलाई आग्रह गर्ने निर्णय पनि गरेको छ ।

बैठकको निर्णय सार्वजनिक गर्न शुक्रबार आयेजित पत्रकार सम्मेलनमा प्रदेश समितिका सभापति ईन्द्रबहादुर बानियाँले उत्तरी नाका खोली चितवनको माडी हुँदै रसुवादेखि गल्छीसम्म सडक विस्तार गरी चितवनलाई आर्थिक व्यापारिक केन्द्रको रुपमा विकास गर्न सरकारलाई आग्रह गर्ने निर्णय भएको बताए । राष्ट्रिय गौरवका योजनालाई प्राथमिकता दिएर काम गर्न काँग्रिसबाट केन्द्र र प्रदेश सरकारमा सहभागी जनप्रतिनिधिलाई निर्देशन दिने निर्णय भएको उनले बताए ।

प्रदेशलाई समृद्ध बनाउन स्थानीय र प्रदेश सरकारको सम्बन्धलाई मजबुत बनाउने, युवालाई आयआर्जन र रोजगारीसँग जोड्न पार्टीको तर्फबाट भूमिका खेल्ने, पार्टीको क्रियाशील सदस्यता बृद्धि र कांग्रेसलाई जनतासँग जोड्ने गरी आगामी कार्यदिशा तय गर्ने निर्णय भएको प्रदेश सभापति बानियाँले बताए । वर्तमान सत्ता गठबन्धनको सार्थकताको लागि संविधान संशोधन गरेर दिगो शान्ति र सुशासन स्थापित गर्न सरकारलाई निर्देशनात्मक रुपमा आग्रह गर्ने निर्णय भएको उनले बताए ।

# हेटौंडाका पत्रकार कार्कीलाई जोखिमपूर्ण पत्रकारिता पुरस्कार

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाले यस वर्षको हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार हेटौंडाका होम कार्कीसहितका पत्रकारलाई प्रदान गर्ने भएको छ ।

हेटौंडाबाट पत्रकारिता सुरुवात गरेका कार्की पछिल्लो समय कान्तिपुर मिडिया ग्रुपमा आबद्ध छन् । कान्तिपुर मिडिया ग्रुपबाट युद्धग्रस्त मुलुक इजरायलमा पुगेर स्थलगत रिपोर्टिङ गरेका कार्कीसहित दार्चुलाको दुर्गम अपी हिमाल क्षेत्रमा पुगेर रिपोर्टिङ गर्ने एनटीभी कोहलपुरका पत्रकार टोलीलाई यो पुरस्कार संयुक्तरुपमा प्रदान गर्ने निर्णय भएको छ ।

कान्तिपुर मिडिया ग्रुप (केएमजी) पत्रकार कार्की, भिडियोग्राफर श्याम श्रेष्ठ र फोटोग्राफर प्रकाशचन्द्र तिमल्सिनाको टोलीलाई इजरायल र प्यालेस्टेनी विद्रोही लडाकु हमासबीचको युद्धको स्थलगत रिपोर्टिङ गर्न पठाएको थियो । टोलीले इजरायल र गाजा क्षेत्रको सीमाक्षेत्र (फ्रान्टलाइन)मा पुगेर कान्तिपुर दैनिक, कान्तिपुर टेलिभिजन र काठमाडौं पोष्टको लागि समाचार संकलन तथा प्रशारण गरेको थियो । इजरायल र हमासबीच युद्ध सुरु भएको सातौ दिनमा कान्तिपुरकर्मी इजरायल पुगेको थियो ।

पत्रकार कार्कीले विदेशमा श्रम गरिरहेका नेपाली युवाको विषयमा सनैया पुस्तकसमेत निकालेका छन् । यसैगरी, नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाले गठन गरेको पुरस्कार विजेता छनोट समितिको शुक्रबार बसेको बैठकले हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार संयुक्तरुपमा दिइने निर्णय गरिएको हो । यो पुरस्कारको राशी एकलाख रुपैयाँ छ ।

त्यस्तै, हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार पाउनेमा एनटीभी कोहलपुरका रिपोर्टर दुर्गा भट्ट र क्यामरापर्सन विपिन श्रीवास्तव रहेका छन् । दार्चुलाको दुर्गम अपी हिमाल क्षेत्रमा पुगेर रिपोर्टिङ गरेका थिए । पुरस्कर छनोट समितिमा राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र वरिष्ठ सञ्चारविद् मन्टेश्वरी राजभण्डारी, नेपाल पत्रकार महासंघका कोषाध्यक्ष कलेन्द्र सेजुवाल, नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समीरजंग शाहलगायत सदस्य छन् ।

नेपाल टेलिभिजनका पत्रकारद्वय हेमराज भण्डारी र सुनिल सिंहको स्मृतिमा स्थापित एक लाख रुपैयाँ राशीको हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार २०६४ सालदेखि प्रत्येक वर्ष असोज ७ गते साहसिक पत्रकारिता गर्ने पत्रकारलाई प्रदान गरिँदै आएको छ । रिपोर्टिङमा जाने क्रममा हेलिकोप्टर दुर्घटनामा परेर मृत्यु भएका नेपाल टेलिभिजनका पत्रकार भण्डारी र सिंहको स्मृतिमा पुरस्कार स्थापना भएको थियो ।

विश्वमै पहिलोपटक वनजंगलको संरक्षण तथा व्यवस्थापनको जिम्मा स्थानीय समुदायलाई हस्तान्तरण गरी फर्कने बेला घुन्साको फलेस्थित धुन्चे पहाडमा ठोकिएर श्रीएयरलाइन्सको हेलिकोप्टर दुर्घटना भएको थियो । पुरस्कृत भएका पत्रकारलाई असोज ७ गते सोमबार नेपाल टेलिभिजनमा विशेष समारोहको आयोजना गरी पुरस्कारसहित सम्मान प्रदान गरिने नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाका अध्यक्ष दीपकजंग हमालले बताए ।

# रानीसेरा माविको अभिभावक भेला तथा सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ मकवानपुरगढी गाउँपालिका-१ मा रहेको रानीसेरा माध्यमिक विद्यालयको शुक्रबार ३८ औं अभिभावक भेला तथा सम्मान कार्यक्रम भएको छ ।

विद्यालय व्यवस्थापक समितिका अध्यक्ष आइतसिं लोको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यतामा भेला भएको थियो । भेलाको अवसरमा विद्यालयले विभिन्न व्यक्तित्वलाई सम्मान गरेको छ । भेलामा विद्यालयका संस्थापक अध्यक्ष लालबहादुर गोले सहित हालसम्मका अध्यक्षलाई सम्मान गरिएको विद्यालयका अध्यक्ष आइतसिं लोले बताए ।

यसैगरी, विद्यालय स्थापना कालदेखि सुवातसिं थिङ र अच्छेलाल यादवलगायत सम्पूर्ण पूर्वप्रध्यानाध्यापकलाई पनि सम्मान गरिएको थियो । पूर्वजनप्रतिनिधि, विद्यालयका पूर्वशिक्षक र कर्मचारीलाई भेलामा सम्मान गरिएको अध्यक्ष लोले बताए । सोही अवसरमा विद्यालयमा सहयोग प्रदान गर्ने हिमशिखर सामूदायिक वन उपभोक्ता समूह, इन्द्रज्योति सामूदायिक वन उपभोक्ता समूह र रानी सामूदायिक वन उपभोक्ता समूहलाई सम्मान गरिएको थियो ।

भेलाकै अवसरमा स्थापनाकालदेखि हालसम्मका अध्यक्ष, पूर्वप्रधानाध्यापक, शिक्षकलगायत विद्यालयसँग जोडिएका सबै व्यक्तित्वलाई भेटघाट गराई पूर्नमिलन कार्यक्रम गरिएको अध्यक्ष लोले बताए । भेलाबाट व्यवस्थापक समितिका लागि ४ जना सदस्य चयन गरिएको छ । भेलाले सलिना भोलन, दु:खमाया लुङबा, मानबहादुर घलान र विश्वशान्ति लामा चयन गरेको हो । चारजना निर्वाचित सदस्यले अध्यक्ष चयन गरी समिति विस्तार गरिने जनाइएको छ ।

भेलामा गाउँपालिका शिक्षा शाखाप्रमुख राम घलान, कार्यपालिका सदस्य फूलमाया टुप्पा, वडासदस्य सुन्तली विश्वकर्मा, सोमलाल ब्लोन, लालबहादुर लामा, विद्यालयका संस्थापक अध्यक्ष लालबहालुर गोले, लगायतको आतिथ्यता रहेको थियो ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पऱ्यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्
७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

संबिधानको रक्षार्थ सबै जुटौं
☞ संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
☞ संबिधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो ।
☞ संबिधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
☞ संबिधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन्।
त्यसैले संबिधानको पालना गर्नु सबैको कर्तव्य हो
नेपाल सरकार
विज्ञापन बोर्ड

असोज ७ गतेबाट तपाईंको सेवामा
DFSK EC 36
“ हाम्रो सुमो सेवाको नौलो प्रस्तुती ”



हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४४,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्योपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना